बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# पुष्प क्षेत्रको आत्मनिर्भरताका लागि आधुनिक ग्रीनहाउंस निर्माण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मितिः२०८२।०७।२८

**प्रस्तावनाः** पुष्प व्यवसायको दिगो विकास, विस्तार र प्रभावकारी प्रवर्धनका लागि भौगोलिक क्षेत्रको तुलनात्मक लाभको अधिकतम उपयोग गर्दै आधुनिक प्रविधिको प्रयोगबाट उत्पादन वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**पुष्प क्षेत्रको आत्मनिर्भरताका लागि आधुनिक ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"कार्यक्रम"** भन्नाले पुष्प क्षेत्रको आत्मनिर्भरताका लागि आधुनिक ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम सम्झनुपर्छ।

(ख) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।

(ग) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(घ) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनीलाई सम्झनुपर्छ।

(ङ) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएको शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रुपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरु समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।



वैकुण्ठ अधिकारी
प्रदेश सचिव
मा. मधुसूधन पौडेल
मन्त्री

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनुपर्छ।

(ज) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(झ) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(ञ) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>प्रस्ताव आह्वानः</u> (१) निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालयले न्यूनतम ७ (सात) दिनको समयसीमा राखी प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

४. <u>प्रस्ताव दर्ताः</u> दफा १० अनुसारको मापदण्ड पुरा गरेका इच्छुक प्रस्तावकले अनुसूची-२ अनुसारको आवेदन, अनुसूची-३ बमोजिमको प्रस्तावपत्र, अनुसूची-४ बमोजिमको प्रतिबद्धतापत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायत अनुसूची-१ मा उल्लिखित र अन्य आवश्यक कागजात संलग्न गरी दफा ३ मा उल्लिखित समयसीमा भित्र निर्देशनालयमा प्रस्ताव दर्ता गर्नुपर्नेछ।

५. <u>प्रारम्भिक सूची तयार गर्नेः</u> (१) निर्देशनालयले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु सबै भरे नभरेको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई निर्देशनालयले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु निर्देशनालयले मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

६. <u>मूल्याङ्कन समितिः</u> (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ।



वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

| | |
|---|---|
| निर्देशक, निर्देशनालय | - संयोजक |
| कार्यक्रम हेर्ने वरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय | - सदस्य |
| योजना हेर्ने अधिकृत, निर्देशनालय | - सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | - सदस्य |
| प्रमुख, खरिद एकाइ, निर्देशनालय | -सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा सम्बन्धित प्राविधिक/इन्जिनियर/सब-इन्जिनियर सहित जम्मा दुई (२) जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कनः</u> (१) निर्देशनालयले तयार गरेको प्रारम्भिक सूची अनुसारका प्रस्तावहरु मूल्याङ्कन समितिले आवश्यक कागजात र विवरण रीतपूर्वक भए नभएको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची निर्देशनालय समक्ष पेस गर्नेछ। निर्देशनालयले अनुसूची-६ को चेकलिस्ट बमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-७ बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची तयार गरी छनोटका लागि निर्देशनालयसमक्ष सिफारिस गर्नेछ।

८. <u>प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः</u> (१) योग्यताक्रम सूचीका प्रस्तावहरु बारे गुनासो पेस गर्न ७ (सात) दिनको समयसीमा राखी निर्देशनालयले आशयको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्र्यौट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(३) निर्देशनालयले अन्तिम योग्यताक्रम सूचीबाट योगतयताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

(४) छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिन र अधिकतम १५ दिनभित्र सम्झौता गर्न वेबसाइट वा कार्यालयको आधिकारिक सोसल मिडियामार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) निर्देशनालयले सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप अनुसार अनुसूची-८ बमोजिमको प्राविधिक मापदण्डका आधारमा लागत अनुमान स्वीकृत गर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

९. <u>सम्झौताः</u> (१) छनोट भएका प्रस्तावकहरुसँग निर्देशनालयले अनुसूची-९ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

१०. <u>आवश्यक न्यूनतम मापदण्डः</u> पुष्प व्यवसायमा संलग्न रहेका र देहाय बमोजिमको मापदण्ड पुरा गरेका पुष्प खेती गर्न चाहने प्रस्तावकहरु मात्र कार्यक्रम सञ्चालन गर्न योग्य हुनेछन्।

| क्र.सं. | पुष्प बाली | भौगोलिक क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | गोदावरी | समुन्द्र सतहदेखि १५०० मिटरसम्म | |
| २ | इन्डोर बिरुवा | समुन्द्र सतहदेखि ५००-८०० मिटरसम्म | |
| ३ | गुलाब | समुन्द्र सतहदेखि ५००-१००० मिटरसम्म | |
| ४ | जरबेरा | समुन्द्र सतहदेखि ८००-१२०० मिटरसम्म | |
| ५ | कारनेसन, जिप्सोफिला र लिमोनियम | समुन्द्र सतहदेखि १०००-१६०० मिटरसम्म | |

११. <u>सञ्चालन गरिने क्रियाकलापः</u> (१) यस कार्यक्रम अन्तर्गत पुष्प व्यवसाय गरिरहेका साझेदारहरुका लागि नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस/हाइटेक ग्रिनहाउस संरचना निर्माणमा सहयोग गरिनेछ।

(२) संरक्षित संरचनाको निर्माणको लागि न्यूनतम स्पेसिफिकेसन अनुसूची-८ बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१२. <u>अनुदानको सीमा तथा भुक्तानी प्रक्रियाः</u> (१) निर्देशनालयबाट सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही बढीमा ८० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(२) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत रकम कन्टिनजेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, डिजाइन तथा लागत अनुमान तयारी,



वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता आदिमा खर्च गर्न सकिनेछ।

(३) निर्देशनालयले संरचना निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नेछ।

(४) कुल लागत रकमको कम्तीमा बिस प्रतिशत रकम सम्बन्धित साझेदारले अनिवार्य रुपमा जुटाउनु पर्नेछ। उक्त रकम सम्झौता पूर्व साझेदारले निर्देशनालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ।

(५) प्रचलित कानून बमोजिम सम्झौतामा उल्लेख भए अनुसार भुक्तानी गरिनेछ।

## परिच्छेद-४
## विविध

१३. संरचना हस्तान्तरण: (१) निर्माण कार्यसम्पन्न पश्चात निर्देशनालयले साझेदारलाई संरचना हस्तान्तरण गर्नेछ।

(२) हस्तान्तरण पश्चात संरचनाको प्रयोग तथा सञ्चालनको जिम्मेवारी सम्बन्धित साझेदारको हुनेछ।

१४. प्रस्ताव छनोट सम्बन्धी अन्य शर्त: (१) गत आर्थिक वर्षमा मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन। यस सम्बन्धमा चालु आर्थिक वर्षमा अनुदान प्रवाह गर्ने निर्देशनालय वा कार्यालयले दफा ५ बमोजिम प्रारम्भिक सूची तयार गर्ने क्रममा, गत आर्थिक वर्षमा सम्बन्धित प्रस्तावकले अनुदान प्राप्त गरेको वा नगरेको विवरण सम्बन्धित निर्देशनालय वा कार्यालयसँग पत्राचार गरी अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ।

(२) प्रस्तावकले चालु आर्थिक वर्षमा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोही कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने अनुसूची-१० बमोजिमको ढाँचामा स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

(३) समूह सहकारीमा आबद्ध कृषकमध्ये गत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(४) विपत्‌बाट क्षति बापतको राहत रकम, विद्युत महसुलमा छुट, क्षेत्र विस्तारका लागि बिउ/बेर्ना/बिरुवा वितरण, जग्गा भाडामा अनुदान, ब्याज अनुदान, उत्पादनमा आधारित बिउ प्रोत्साहन अनुदान/सहयोग, प्रयोगशाला सेवा, माटो वा बाली उपचार शिविर, आकस्मिक बाली संरक्षण कार्यक्रममार्फत उपलब्ध गराइने मल, कृषि चुन, विषादी, सूक्ष्म तत्व, हर्मोन तथा कार्यालयबाट सञ्चालित नविनतम प्रविधि प्रदर्शन जस्ता सेवाटेवा कार्यक्रममार्फत अनुदान सहयोग प्राप्त गरेका कृषकले यस कार्यविधिबमोजिमका कार्यक्रम र अन्य अनुदान कार्यक्रममा समेत सहभागी हुन सक्नेछन्।

१५. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्था:</u> प्रोत्साहन रकम प्राप्त गर्ने लाभग्राहीले कार्यक्रम सम्पन्न भएको स्थलमा अनुसूची-११ बमोजिमको सार्वजनिक सूचना पाटी सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

१६. <u>विवरण उपलब्ध गराउने:</u> स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भएपश्चात निर्देशनालयले लाभग्राहीको विवरण नियमित अद्यावधिक गरी प्रकाशन एवम् माथिल्लो निकायमा पठाउनु पर्नेछ।

१७. <u>अनुगमन तथा निरीक्षण:</u> मन्त्रालय/निर्देशनालयले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त अनुगमन निरीक्षण गर्न सक्नेछ। यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ। साथै, मन्त्रालय/निर्देशनालयले अनुगमन प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामी दिनमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनका लागि आधारको रुपमा लिनेछन्।

१८. <u>कारबाही सम्बन्धी व्यवस्था:</u> साझेदारले लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाईएमा निजलाई नकारात्मक सूचीमा सूचीकृत गरी प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडि बढाइनेछ।

१९. <u>संशोधन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।



वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

२०. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाँझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
<u>प्रस्ताव आह्वानको सूचना</u>

प्रथम पटक प्रकाशित मितिः ... ... ...

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश अन्तर्गतको ... ... ... निर्देशनालयको आ.व. ... ... ...को स्वीकृत वार्षिक कार्यक्रम ... ... ... सञ्चालन गर्न ... ... ...इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित भएको ... ... ... औं दिन (... ... ...गते) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदनसाथ अनुसूची-३ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ। अनलाईन वा इमेलमार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

<u>तपसिलः</u>

१. अनुसूची-२ बमोजिमको आवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्था दर्ता, मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN), कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. समूह/सहकारी/निजी फार्मको प्रवन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु,
४. कार्यक्रम सञ्चालन सम्बन्धी संस्थागत निर्णय भएको प्रमाण,
५. कार्यक्रम सञ्चालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडामा लिइएको भए, सूचनाको म्याद कायम रहेको अन्तिम मितिसम्म न्यूनतम १० वर्ष अवधि बाँकी भएको करार सम्झौता गरिएको हुनुपर्नेछ।
६. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
७. अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,
८. अनुसूची-५ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
९. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन अनुदान माग गर्दा अनिवार्य रुपमा संस्थाको निर्णय पेस गर्नुपर्ने,
१०. सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहको सिफारिस,
११. निर्देशनालयबाट माग भएका आवश्यक अन्य कागजात।

<u>नोटः</u> निर्देशनालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार यो ढाँचामा आवश्यक परिमार्जन गरी सूचना प्रकाशन गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

<u>आवेदनको ढाँचा</u>

मिति : ... ... ... ... ...

श्रीमान् निर्देशक

... ... ... ... ... ... ... ... ... ... ... ... ...।

विषयः <u>प्रस्ताव पेस गरिएको बारे।</u>

महोदय,

तहाँ निर्देशनालयको मिति ... ... ... ... ... ... ... मा ... ... ... ... ... ... ... ... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार **पुष्प क्षेत्रको आत्मनिर्भरताका लागि आधुनिक ग्रीनहाउस निर्माण सहयोग कार्यक्रम** सञ्चालन गर्न इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेस गरेको छु/छौं। उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरी कार्यकम सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/छौं। साथै, सम्झौता र मापदण्ड विपरीत गरेको पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

<u>संलग्न कागजातहरुः</u>

१) ... ... ... ... ... ... ... ... ..,

२) ... ... ... ... ... ... ... ... ..,

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>प्रस्तावकको</u>

नामः

पदः

ठेगानाः

<u>संस्थाको</u>

नामः

संस्थाको छापः

सम्पर्क नं. :

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)
प्रस्ताव-पत्र

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| क.सं. | विवरण | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | प्रस्तावक संस्थाको नाम र ठेगाना | |
| ४ | सम्पर्क टेलिफोन/मोबाइल नं. र इमेल | |
| ५ | प्रस्तावक संस्थाको स्थापना दर्ता नम्बर | |
| ६ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ७ | मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN) | |
| ८ | खाता रहेको बैंकको नाम र ठेगाना | |
| ९ | खाता नं. | |
| १० | प्रस्तावित पुष्प व्यवसायः | |

१. प्रस्तावित व्यवसायको परिचय :

२. हाल सञ्चालन भईरहेका क्रियाकलापहरु के के छन्?

३. हाल खेती भई रहेको क्षेत्रफ़ल र संरक्षित संरचनाको विवरणः

४. वार्षिक रुपमा हुने उत्पादन/कारोवार के कति छ?

| क. सं. | पुष्पको नाम | एकाइ | उत्पादन परिमाण | औसत बिक्री दर (रु.) | जम्मा कारोबार रकम रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. व्यवसायको दिगोपनाका आधारहरु के के छन्?

६. रोजगारीको अवस्थाः



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

७. संरक्षित संरचनमा पुष्प खेती सम्बन्धी तालिम लिएको भए सोको विवरणः

बागमती प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

८. प्रस्तावित क्रियाकलापहरु र अनुमानित लाभ/लागतः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | जम्मा लागत (रु.) | कार्यक्रमबाट बेहोर्ने (रु.) | साझेदारले बेहोर्ने (रु.) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>निवेदक</u>

नाम, थरः

ठेगानाः

सम्पर्क नंः

संस्थाको नामः

संस्थाको छापः



वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-४
(दफा-४ सँग सम्बन्धित)
<u>प्रतिबद्धता पत्र</u>

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

श्रीमान् निर्देशक/कार्यालय प्रमुख
... ... (कार्यालयको नाम) ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... ... ... ..., का दिन ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार ... ... (ठेगाना)... ... ... ... ... स्थित ... ... ... (कृषक/संस्थाको नाम)... ... ... ... ले ... ...(कार्यक्रमको नाम) ... ... ... ... मा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यदि यस प्रतिबद्धता पत्रमा केही झुठो ठहरिएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रममा छनोट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिने छैन।
२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।
३. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन।
४. छनोट भएको खण्डमा न्यूनतम ... वर्षसम्म व्यवसाय निरन्तर सञ्चालन गर्नेछु/छौं।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>प्रस्तावकको</u>

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :



मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-५

(दफा ४ सँग सम्बन्धित)

<u>कार्यक्रम सञ्चालन गरिने स्थानको नक्सा:</u>

उत्तर



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-६
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः
प्रस्तावक संस्थाको नाम र ठेगाना :
स्थलगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्थाः

| भौतिक पूर्वाधार | भए (√)/नभएको (X) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुविधा | | |
| ... ... ... ... ... ... ... ... ... ... ... | | |

२. सम्बन्धित पुष्प बालीको अवस्था

| पुष्पको नाम | हाल खेती गरिएको क्षेत्रफल (हे.) | वार्षिक उत्पादन परिमाण (मे.टन) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

३. बिक्री वितरणको अवस्था

| पुष्पको नाम | दैनिक/वार्षिक बिक्री | बजार |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

४. सम्बन्धित पुष्प खेतीको अनुभव तथा तालिम विवरण

| विषय | अनुभव (संस्थागत तथा व्यक्तिगत) | तालिमको विवरण (तालिम मिति तथा प्रदान गर्ने निकाय) |
|---|---|---|
| | | |
| | | |



वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

| | | |
|---|---|---|
| | | |
| | | |

५. प्रयोग भईरहेका संरचना/मेशिनरी औजार/उपकरणहरु तथा नवीन प्रविधिको विवरण

| नाम | सङ्ख्या | विवरण |
|---|---|---|
| | | |
| | | |
| | | |

६. भौगोलिक/प्राविधिक हिसाबले उपयुक्त भए/नभएको: ... ... ... ... ... ...

७. संस्थाले गरेका नविनतम कार्यहरु: ... ... ... ... ... ... ... ... ... ... ... ...

८. अन्य निकायबाट हालसम्म संस्थालाई प्रदान भएको अनुदानको विवरण:

९. रोजगारी विवरण:

१०. स्थलगत निरीक्षण टोलीको राय:
छनोटका लागि सिफारिस गर्न उपयुक्त रहेको/ नरहेको: ... ... ... ... ... ...

११. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण:

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

<u>नोट</u>: निर्देशनालयले स्वीकृत कार्यक्रमको आवश्यकता अनुसार आवश्यक परिमार्जन गरी स्थलगत प्रमाणीकरणको ढाँचा प्रयोग गर्न सक्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-७
(दफा ७ (३) सँग सम्बन्धित)

**मूल्याङ्कनको ढाँचा**

| क्र.सं. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | **प्रस्तावकको पुष्प व्यवसायमा अनुभव** | १० | |
| १.१ | ५ वर्ष भन्दा बढी | १० | |
| १.२ | २ देखि ५ वर्ष | ८ | |
| १.३ | २ वर्ष भन्दा कम | ५ | |
| २ | **प्राविधिक एवं भौगोलिक उपयुक्तता** | १० | |
| २.१ | प्राविधिक एवं भौगोलिक रुपमा उपयुक्त देखिएको | १० | |
| २.२ | प्राविधिक एवं भौगोलिक रुपमा कम उपयुक्त देखिएको | ५ | |
| ३ | **कार्यक्रमको लागि उपलब्ध जग्गाको स्वामित्व** | २० | |
| ३.१ | संस्था/फर्मको नाममा/प्रोप्राइटरको नाममा भएको | २० | |
| ३.२ | जग्गा भाडामा लिएको/संस्थाको सदस्यहरुको नाममा भएको | १० | |
| ४ | **पुष्प व्यवसाय सम्बन्धी तालिम लिए/नलिएको** | १० | |
| ४.१ | तालिम लिएको | १० | |
| ४.२ | तालिम नलिएको | ५ | |
| ५ | **उपलब्ध भौतिक पूर्वाधार** | १० | |
| ५.१ | संरक्षित संरचना लगायतका अन्य पूर्वाधार भएको | १० | |
| ५.२ | संरक्षित संरचना लगायतका अन्य पूर्वाधार नभएको | ८ | |
| ६ | **व्यवसायाको दिगोपना** | १० | |
| ६.१ | भएको | १० | |
| ६.२ | कम भएको | ५ | |
| ७ | **उपलब्ध सुविधा, स्रोत तथा भौतिक पूर्वाधार** | १० | |
| ७.१ | सडक, बिजुली, पानी लगायत अन्य सुविधा पर्याप्त भएको | १० | |
| ७.२ | सडक, बिजुली, पानी लगायत अन्य सुविधा पर्याप्त नभएको | ५ | |
| ८ | **रोजगारीको सम्भावना** | १० | |
| ८.१ | ५ जना भन्दा बढी | १० | |
| ८.२ | ५ जना भन्दा कम | ५ | |
| ९ | गत आ.व. मा निर्देशनालयबाट अनुदान सहयोग प्राप्त गरे/नगरेको | १० | |
| ९.१ | नगरेको | १० | |
| ९.२ | गरेको | ० | |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| | कुल | १०० | |

नोटः मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाई सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

अनुसूची-८

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

## Technical specifications for naturally ventilated Poly House

**(560, 1008 & 2016 Sq. m)**

| Items | Description / specifications |
|---|---|
| Product | Naturally ventilated green house/ Poly house |
| Orientation | Preferably North South gutter direction. It can be fixed based on location and availability of land. |
| Grid size | 8 m x 4 m (Balcony/Canopy) |
| Distance between consecutive column pipes | 4.0 m |
| Ridge (Central) height | 6.0 m |
| Gutter height | 4.0 m |
| Ridge vent | 0.8-0.9 m vertical height and 1.0 to 1.2 m slanting height. Roof ventilator should be provided in slanting position. |
| Gutter slope | 1.25-2% |
| Gutter material | Gutter should be made of Galvanized sheet of 2 mm thickness in trapezoidal shape having 500 mm wide perimeter (Preferably of single length without joint or 4 mtr. Each Gutter) Coil having 120 GSM Galvanization. It should be leak proof. Min 1% slope required for the gutter. |
| Structural design | Gothic shape with roof and side ventilation. The structure is designed to be enough to with stand wind speed minimum 120 km / hour. It is to provide provision for opening one port at either side for entry of small tractor/power tiller for inter cultural practices. |
| Structure | Complete structure made of hot dip galvanized steel tubular pipes with a minimum of $120^+$ GSM (with Zinc coated on continuous procedure to meet the quality requirements or equivalent section confirming). BIS standards having wall thickness 2mm; structural member should be joined with fasteners (HOT Dip Galvanized nuts and bolts) properly. |
| Columns | 76 mm OD, 2 mm thick Hot Dip GI Pipes. |
| Trusses | Bottom 60 mm OD minimum 2 mm thick GI pipe Top chords (Arches) 42 mm OD 2mm thick , Bracing 33 mm OD minimum 2 mm thick, structural members to be fitted in plated nuts, bolts and without welding. |
| Trusses member/Arch's | Member 33 mm OD with 2 mm thickness. Bracing 42 mm OD with 2.0 mm thickness GI Pipe Structural members to be fitted with various size of full clamps, half clamps, nuts, bolts and washers without welding. Arch 42 mm OD with 2.0 mm thickness GI to fitted with F Brackets and L Brackets. |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| Items | Description / specifications |
|---|---|
| Stay/ Hockey pipes | 60 mm OD with 2 mm thickness, fixed in the ground without any joints and welding at a distance of 2.5 m. |
| Purlins | Top purlin 48 mm OD x 2 mm thick and Bottom purlin 42 mm OD, minimum 2 mm thick Hot Dip Galvanized. |
| Horizontal bracings | 33 mm OD with 2 mm thickness horizontal bracing 2 No's must provide each bay in both sides. |
| Cross Bracing | Every 3rd column top to 2nd column bottom of both sides must be connected 33 mm OD with 2 mm thickness GI pipe to ground the wind load. |
| Bottom to pillar Bracing | 32 mm OD with 2 mm thickness 1.2 m long bracing to be fixed from pillar to bottom. |
| Foundations | Insert GI Pipes of minimum 76 mm OD, 2 mm thickness with 1 mm tapered top 1ft. or more to have foundation depth of not less than 90 cm depth, grouted with cement concrete mixture of 1:2:4 using telescopic insertion of column of minimum 76 mm OD & 2 mm thickness. |
| Fasteners | All nuts and bolts must be of high tensile strength and HOT dip galvanized. |
| Entrance room Outdoor | One entrance room of size 2x2x2.5 mts. (LxWxH) need to be provided and covered with UV stabilized 200 micron plastic. Outer hinge door of size 1.2m width and 2m height. |
| Cladding material (Poly film) | UV stabilized 200 micron, diffused/ IR blocking having minimum 85% level of light transmittance. |
| Fixing of cladding materials | All ends/ joints of plastic film need to be fixed with two way aluminum (220 grams/RM)/GI with 0.52 mm thickness profiles with suitable locking arrangements along with curtain top. Fixing of cladding material shall be done between 11.00 AM to 3.00 PM |
| Spring insert | Zig zag spring high carbon steel with spring action wire, galvanized of 2-3 mm diameter must be inserted to fix shade net/ Poly film/ insect proof net into aluminum/GI profile. |
| Curtains and insect screens | i) UV stabilized 200 micron 5 layers co-extruded transparent plastic film should be provided as curtains on all sides.<br>ii) 30 mesh (80 to 105 GSM) insect proof nets (UV stabilized), of 4.5 mts height above all four sides up to gutter height |
| Shadenet | UV stabilized mono x mono 50 % (50-55 GSM) aluminum net has to be provided horizontally at gutter height, below the UV sheet inside the greenhouse with manually operated mechanism for expanding and retracting. The area covered by shade net should be equal to the net cultivable area of green house without sagging. |
| Top vent Cover | 40 mesh ( 80 GSM ) Insect proof nets ( UV Stabilized) |



बैकुण्ठ अधिकारी

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| Items | Description / specifications |
|---|---|
| Side apron | UV stabilized HDPE woven fabric, not less than 160 to 200 GSM thick for a height of 60cm and 40 cm buried below ground vertically and 20 cm horizontally. |
| Rain water harvesting | Provision of PVC pipe of min 4" diameter with the lateral and ground support pipe with bend should be made, from gutter to ground for collecting rain water from the roof top. Drainage gutter and end caps to be provided. |
| Air Circulation Fan | No. : as per required<br>Body: Stainless Steel<br>Motor body: Aluminum<br>Voltage: 220 v<br>Frequency: 50 Hz<br>Motor speed: 1440 rpm<br>Rated Power: 100 w<br>Air flow: 2500-3500 CMH |
| Warranty | The supplier should provide anti-rust warranty for 5 years from the date of installation on structure materials and 3 years warranty for all material and installation defects on pro-rata basis |

**Note:** The length, breadth, and height may vary depending on the site and climate. These specifications are provided only for reference and may be modified as per the climate, height, and specific requirements of the tunnel area, subject to approval by an authorized Agriculture Engineer.

२०

बैकुण्ठ अधिकारी

मा. मधुसूदन पौडेल
मन्त्री

## अनुसूची-९

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सम्झौता पत्र</u>**

... ... ... निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी **पुष्प क्षेत्रको आत्मनिर्भरताका लागि आधुनिक ग्रिन हाउस निर्माण सहयोग** कार्यक्रम कार्यान्वयनका लागि ग्रिन हाउस निर्माण गर्न तपसिल बमोजिमको शर्तनामाहरु तयार गरी यो द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

<u>तपसिल:</u>

१. यो सम्झौता सम्झौतापत्रमा हस्ताक्षर भएको मितिदेखि तुरुन्तै लागु हुनेछ।

२. प्रथम पक्षले कार्यक्रममार्फत दोस्रो पक्षलाई आधुनिक ग्रिन हाउस (हाइटेक टनेल) संरचना निर्माणमा सहयोग उपलब्ध गराउनेछ।

३. प्रथम पक्षबाट अधिकतम रु. ... ... ... (अक्षरेपी ... ... मात्र) तथा दोस्रो पक्षले साझेदार बापत अधिकतम रु. ... ... ... (अक्षरेपी .. ... ... ) गरी कूल रु ... ... ... (अक्षरेपी ... ... ... मात्र) भित्र रही लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडि बढाइनेछ।

४. प्रथम पक्षले टेण्डर आह्वान गरी स्वीकृत ठेक्का प्राप्त गर्ने ठेकेदारले कार्यसम्पन्न गरेपछि, पहिलो पक्षले बेहोर्ने रकम र दोस्रो पक्षले पहिलो पक्षको विविध/धरौटी खातामा जम्मा गरेको समेत गरी कूल स्वीकृत रकम पहिलो पक्षले सम्बन्धित ठेकेदारलाई भुक्तानी गरिनेछ।

५. दोस्रो पक्षले कार्यालयले तोकेको विविध खातामा जम्मा गरेको रकम, पहिलो पक्षले बोलपत्र मार्फत मूल्य कायम भएपश्चात् पहिलो तथा दोस्रो पक्षको ... ... ... अनुपातमा लागत साझेदारी सुनिश्चित गरी फरक पर्ने रकम दोस्रो पक्षलाई कार्यक्रम सम्पन्न पश्चात नियमानुसार फिर्ता गरिनेछ।

६. यस कार्यक्रम अन्तर्गत उपलब्ध गराइने संरचनाको लागि प्रचलित नियम कानून, सडक मापदण्ड, जग्गा सम्याउने, थ्रि फेज बिजुली लगायतका कार्य तथा अन्य मापदण्ड पुरा गर्ने पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ। प्रथम पक्षले उक्त कार्यको अनुगमन गर्ने र मापदण्ड विपरित वा नियम विपरित भएको पाएमा सो कार्यका लागि कार्यक्रम सञ्चालन अनुदान रकम भुक्तानी रोक्का गर्ने वा असुल गर्ने अधिकार रहनेछ।

७. निर्माण कार्यसम्पन्न भएपश्चात संरचनाहरू पहिलो पक्षले दोस्रो पक्षलाई हस्तान्तरण गर्नेछ। हस्तान्तरणपश्चात सोको सञ्चालन, रेखदेख र मर्मत सम्भारको जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भएपश्चात कार्यक्रमको उपयोगिता तथा दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

८. कार्यक्रम सञ्चालनको दौरानमा कुनै हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ।



मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

९. दोस्रो पक्षले आयोजना सम्पन्नपश्चात निर्माण स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लिखित मेटालिक २ फिट*३ फिट आकारको सूचना पाटी सबैले देख्ने गरी राख्नु पर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता बमोजिम प्राप्त रकम/सामाग्री/संरचनाको दुरुपयोग गरेको पाईएमा प्रचलित कानुनबमोजिम कारबाही गरी उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. यो सम्झौतामा उल्लेख भएका कुराहरु प्रचलित कानुनसँग नबाझिएको हदसम्म यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| <u>प्रथम पक्षको तर्फबाटः</u> | <u>दोस्रो पक्षको तर्फबाटः</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | संस्था/ठेगानाः |
| कार्यालयको छापः | संस्थाको छापः |

<u>साक्षी</u>

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पद |

इति संवत् ... ... ...साल ... ... ... महिना ... ... ... गते रोज ... ... ... शुभम्।

<u>नोट</u>ः निर्देशनालयले स्वीकृत कार्यक्रमको आवश्यकता अनुसार आवश्यक परिमार्जन गरी सम्झौताको ढाँचा प्रयोग गर्न सक्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-१०

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

**स्व-घोषणा**

श्रीमान् निर्देशक/कार्यालय प्रमुख

... ... ... (कार्यालयको नाम) ... ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... का दिन ... ... .., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... ... जिल्ला ... ... ... पालिका स्थित ... ... ... ... कृषक/समूह/सहकारी/फर्म/कम्पनीले गत आर्थिक वर्ष ... ... मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह, सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु/छौं। चालु आर्थिक वर्ष ... ... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**आवेदकको**

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-११

(दफा १५ सँग सम्बन्धित)

<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>

(साइजः २ फिट ३ फिट मेटालिक प्लेट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

... ... ... .. ... .. .. .. ..

... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको नामः ... ... ... ... ... ... ...

आयोजना सञ्चालन गर्ने समूह/ सहकारी/ निजी उद्यमीको नामः ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको कुल लागतः रु. ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ...

साझेदार संस्थाको सहभागिताः रु. ... ... ... ... ... ...

आयोजना अवधिः ... ... ... ... ... ... देखि ... ... ... ... ... ... सम्म

लाभग्राही सङ्ख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्य जाति ... ... ... ... ...



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री